# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## ढकारी गाउँपालिका
अछाम




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ढकारी गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ढकारी गाउँपालिका
अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं.४९०,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ढकारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१० करोड ३ लाख २२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ३६ लाख फस्यौंट भई बाँकी बेरूजू असुल गर्नुपर्ने रू. १० लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ८० लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ६ करोड २६ लाख ९१ हजार र पेश्की रू ४८ लाख ७४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ८४ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ४९ लाख ४५ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाँउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्थादेखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलतआँकडा मानिएको छ

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# ढकारी गाउपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ७७ | १००३२२ | ० | १ | ३६०० | ४० | ७६ | ९६७२२ | १०९२ | ६२६९१ | २८०६५ | ० | ० | ९०७५६ | ४८७४ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

रू हजारमा

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३० | शिशुसुधार बिधालय भवन निर्माण | ३६०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ढकारी गाउपालिका अछाम | ४८४३५ | ० | २१२ | ४८२२३ | ० | ९६७२२ | १४४९४५ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ढकारी गाउँपालिका, अछाम , ढकारी गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र भाट | २०७७-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विमल साउद | २०७७-९-१८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९६,७२२,१०५.२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,९१,९६,६७५.९८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,११,८६,००० | **चालु खर्च** | ३१,१९,४४,८९९.३९ |
| **प्रदेश सरकारबाट अनुदान** | ८५,३४,००० | **पूँजीगत खर्च** | ८,८८,६०,१२६.२९ |
| **राजश्व बाँडफाँट** | ८,११,४५,२१३.९४ | **वित्तीय/अन्य व्यवस्था** | १२,९४,६३,७६६.८६ |
| **आन्तरिक आय** | ३६,८४,४४६.८४ | | |
| **अन्य आय** | १,३५,५८,२८५.४९ | | |

| **कुल आय** | ५०,८१,०७,९४६.२७ | **कुल खर्च** | ५३,०२,६८,७९२.५४ |
|---|---|---|---|
| **बाँकी मौज्दात** | | १,७०,३५,८२९.७१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
परिचय<br><br>
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २२७।८८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१५६२ जनसंख्या रहेको छ ।<br><br>
<u>वित्तीय विवरण विश्लेषण</u><br><br>
वित्तीय विवरणःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा प्रत्येक वर्षको गाउँपालिकाको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>
▪ स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १२९५०६५९।५२ ले फरक देखिएको छ ।<br>
▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित चालुमा नै फिर्ता गरेको छ।

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम<br>रु हजारमा</th><th>खर्च रकम<br>रु हजारमा</th><th>फिर्ता रकम<br>रु हजारमा</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>१८०८३६</td><td>१६३८४४</td><td>१६६८७</td></tr>
<tr><td></td><td>विषेश</td><td>९२००</td><td>८१०३</td><td>१०९७</td></tr>
<tr><td></td><td>समपुरक</td><td>६१००</td><td>५६३९</td><td>४६१</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>२५००</td><td>१४३१</td><td>३९३१</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९८६३६</td><td>१७९०१७</td><td>२२१७६</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr>
<td>३</td>
<td></td>
<td></td>
<td>

**बैंक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी<br>(रु हजारमा)</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी<br>(रु हजारमा)</th></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>०</td><td>१२९५१</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>०</td><td>३९१</td></tr>
<tr><td>३</td><td>पूंजीगत</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>कल्याण कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>२०</td><td>२०</td></tr>
</table>

</td>
<td></td>
</tr>
<tr>
<td>४</td>
<td></td>
<td></td>
<td>

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

§ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।

</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | § पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>§ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ३९१३१५।०० मौज्दात रहेको पाईयो ।<br><br>§ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>§ राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>§ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br><br>§ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>§ पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>§ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>§ पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br><br>§ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>§ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी ETDS समेत गरेको पाइएन ।<br><br>§ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>§ सार्वजनिक खरिद नियमावली, २९६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>§ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>§ पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br><br>§ स्थानीय सरकार सञ्चालन ऐन, २९७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>§ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>§ संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>§ पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br><br>§ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>§ वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br><br>§ पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १२ र प्रशासनिकतर्फ २३ समेत ३५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: ६ प्राविधिक र१२ प्रशासनिक तर्फ पदपूर्ती भएको विवरण प्राप्त भएको छ । प्रमुख प्रशासकिय अधिकृत लगायत ११ पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>§ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>§ तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>§ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br><br>§ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस नगरपालिकाले हालसम्म १६ ऐन, ५ नियमावली, २१ कार्यविधि तथा २निर्देशिका समेत ४४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ | |

<table>
<tr><td></td><td></td><td></td><td>।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका नगर उपाध्यक्ष श्री लक्ष्मी साउदले आर्थिक वर्ष २०७८।७९ को लागी २०७८।३।१० मा रु.३५ करोड ४८ लाख ८६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८। ३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष बोलपत्र तथा उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:<br><br><table><tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजनाख्या</td><td>रकम</td></tr></table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ४४ | |
| २ | रु १ लाख देखि पाँच लाख सम्मका योजना | ७४ | |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ४ | |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ९ | |
| ५ | ५० लाख भन्दा माथीका | ३ | |
| | जम्मा | १३४ | |

७

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि. नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | चालु खर्च तर्फ | ३११९४५ | ८६६०५ | ७१०९५ | १५४२४४ | ७८८७६ |
| २ | पूजिगत खर्च | ८८८६० | ४४९८ | १९६४४ | ६४७१८ | ३३७८८ |
| | जम्मा | ४००८०५ | ९११०३ | ९०७३९ | २१८९६२ | ११२६६४ |
| | खर्च प्रतिशत | | २३ | २३ | ५४ | ३१ |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु. २१ करोड ७९ लाख ६२ हजार अर्थात कूल पूंजीगत खर्चको ७२।८ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ३८ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><td rowspan="2">मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td rowspan="2">कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>(रु हजारमा)</td><td>(रु हजारमा)</td></tr>
<tr><td>आर्थिक विकास</td><td>१०१००</td><td>९९२४</td><td>९८।२५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>१८६०५३</td><td>१६७५२३</td><td>९०।०४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>७५५२४</td><td>६७५३५</td><td>८९।४२</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>१६९९०</td><td>१६४२६</td><td>९६।६७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१४६६५२</td><td>१३९३९७</td><td>९५।०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कर्मचारी करार</td><td>१३,६६२,१२०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०६ जना कर्मचारीहरु करारमा राखी रु. २५८०३७२०।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको सहायक कम्प्यूटर अप्रेटर पदमा समेत ६४ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १३६६२१२०।०० भुक्तानी गरेको नियमसम्मत नभएको रु | |
| १० | | | **वडा सचिवको पदपूर्ति**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ८ ; वड सचिवको दरबन्दी: ८ ; वडा सचिवको पदपूर्ति: ५ ; रिक्त वडा सचिव: ३ | |
| ११ | | | **सेवाप्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ५ वटा नियमावली र २१ बटा कार्यबिधि निर्देशीका २ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ५ | ३ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१८९०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२१८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>८२</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२२२</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याणकोषमा रकम दाखिला गरेको छैन । | |
| १३ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १४ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ७०३४३०।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १५ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. २०९०००० ।००आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष १ वटा दर्ता भएको मध्ये १ वटा फछ्र्यौट भई बाँकी देखिंदैन । | |
| १७ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिक**<br><br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| १८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरीअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरीअभिलेख राख्नु पर्दछ । | |
| १९ | | | **मर्मत अभिलेख खाता**<br><br>कार्यालयमा आम्दानी जनाएका सवारी साधनहरु मर्मत गर्दा स्वीकृत ढाँचामा मर्मत अभिलेख खाता राख्नु पर्दछ । मर्मत अभिलेखा खाता अद्यावधिक नगरी विभिन्न सवारी साधन पटक पटक मर्मत गरेको भनी निम्नानुसार खर्च लेखेकोमा खरिद गरेको ३ वर्ष मात्र भएका मोटरसाइकलहरु समेत खरिद मूल्यकै हाराहारीमा मर्मत भएको देखियो । यसरी अत्यधिक मात्रमा मर्मत भए तापनि लेखापरीक्षण अवधिमा उक्त मोटरसाइकलहरु सबै जसो विग्रिएर बसेको पाइयो । अत: मर्मत खर्च लेखेको विल भौचरहरु यथार्थपरक भएकोमा आश्वस्त गराउनु पर्दछ ।मर्मत खर्चका केही उदाहरण निम्नानुसार छन्: | |

| भौ नं मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ६२६।०७९।३।२६ | बा २ झ ३७६५ जीप मर्मत | २५६८९० |
| ६२५।०७९।३।२४ | बा २ झ ३७६५ जीप मर्मत | १९८००० |
| १०५।०७८।८।१५ | बा २ झ ३७६५ जीप मर्मत | ६०७५८७ |
| १०७।०७८।८।१५ | बा २ झ ३७६५ जीप मर्मत | ५७६३० |
| १७३।०७८।९।१२ | मोटर साइकलहरु | ३६९५८ |
| १७३।०७८।९।१२ | बा २ झ ३७६५ जीप मर्मत | ५९८९०० |
| १७५।०७८।९।१२ | बा २ झ ३७६५ जीप मर्मत | ४८८०० |
| १७४।०७८।९।१२ | मोटर साइकलहरु | ६५९५० |
| २२६।०७८।९।२६ | मोटर साइकलहरु | ३१०७७० |
| ३०६।०७८।११।८ | मोटर साइकलहरु | २५०८६० |
| ३०१।०७८।११।८ | मोटर साइकलहरु | ४७०१८४ |
| ६२३।०७९।३।२४ | बा २ झ ३७६५ जीप मर्मत | १४५३०५ |
| ३७९।०७८।१२।८ | मोटर साइकल | ३५००० |
| ५४९।०७९।३।१७ | मोटर साइकलहरु | ४९९३०० |
| ५४५।०७९।३।१७ | मोटर साइकलहरु | ६४४५०२ |
| ५४५।०७९।३।१७ | बा २ झ ३७६५ जीप मर्मत | १६८९३५ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५४५।०७९।३।१७</td><td>एम्बुलेन्स</td><td>१८६५६३</td></tr><tr><td></td><td>जम्मा</td><td>४५८२१३४</td></tr></table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कानुनी सल्लाहकार<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको कानुनी सल्लाहाकार का रुपमा अधिकृत स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री गणेश प्रसाद ढुंगानालाई नियुक्त गरी भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>२७०,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br><br>पालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद ठेली संख्या यो वर्ष छपाइ गरेको रसिद ठेली संख्या , यस वर्षको खर्च र बांकी रसिद ठेलीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा वैंक दाखिला विवरण तयार गरेको छैन।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कर तथा शुल्क असुली<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br><table><tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr></table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६०० | ३५५ | ५९।१६ |
| घरजग्गा वहाल कर | २० | २० | १०० |
| व्यवसाय कर | ७०० | ४४४ | ६३।४२ |
| वहाल विरौटी शुल्क | १६०० | २८५६ | १७८।५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२३

**शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | राहत | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४४ विद्यालय | ६८ | २७१ | १५ | २५६ | ८३४३ |

२४

**निशुल्क पाठयपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तक संख्या यकिन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिनुपर्ने उल्लेख छ ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानी ७५

३२४,५४५

प्रतिशत प्रथम किस्ताबापत र २५ प्रतिशत थप अनुदानबापतको रकम ४४ विद्यालयलाई निकासा दिएको देखियो।पालिकाले तयार गरेको नगर शिक्षा योजना २०७८।७९ देखि २०८७।८८ मा विचैमा विद्यालय छाड्ने बाल बालिकाको अनुपात उच्च रहेको देखिन्छ । कक्षा १ देखि ५ सम्म ५ प्रतिशत कक्षा ६ देखि ८ सम्म १५ प्रतिशत र कक्षा ९ र १० मा ४२ प्रतिशत देखाएको छ । यस सम्बन्धमा कक्षा ९ र १० को तथ्यांक फरक परेको कार्यालयको भनाइ रहेको छ । अत: कक्षा ९ र १० को पनि ५ प्रतिशतले हिसाब गर्दा हुन आउने विद्यार्थी संख्याका आधारमा निम्नानुसार बढि निकासा भएको देखिएकोले सो बढी निकासा भएको रकम असूल हुनु पर्ने रु

| कक्षा | दिनुपर्ने विद्यार्थी | दिएको विद्यार्थी संख्या | पाठ्यपुरस्तक दर | बढी रकम रु |
|---|---|---|---|---|
| १ | १६५३ | १७२४ | ५१८।४ | ३६८०६ |
| २ | १०३१ | १०७१ | ५५६।८० | २२२७२ |
| ३ | ९०४ | ९४४ | ५८०।८० | २३२३२ |
| ४ | ७०३ | ७३९ | ६०२।८० | २१७०१ |
| ५ | ६९४ | ७३० | ४०८।१० | ११०१९ |
| ६ | ५०० | ५८४ | ७१२।८० | ५९८७५ |
| ७ | ४६३ | ५५० | ७५२।४ | ६५४५९ |
| ८ | ५४६ | ६३२ | ७६१।३० | ६५४५५ |
| ९ | ४७८ | ४९० | ७७४।४० | ९२९३ |
| १० | ३६७ | ३८६ | ४९६।५ | ९४३३ |
| ११ | १७६ | १७६ | २७०।६० | ० |
| १२ | २०५ | २०५ | ३२३।९० | ० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३२४५४५</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>प्रति विद्यार्थी लागत<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरणकाआधारमा प्रति विद्यार्थी लागतको रकम निकासा दिनु पर्दछ। पालिकाले निम्नानुसार निकासा दिदा बढि निकासा भएको रकम असूल हुनु पर्ने देखिएको रु<br><br><table>
<tr><td>कक्षा</td><td>दिनुपर्ने विद्यार्थी</td><td>दिएको विद्यार्थी संख्या</td><td>दर</td><td>बढी रकम रु</td></tr>
<tr><td>१</td><td>१६५३</td><td>१७२४</td><td>१५०</td><td>१०६५०</td></tr>
<tr><td>२</td><td>१०३१</td><td>१०७१</td><td>१५०</td><td>६०००</td></tr>
<tr><td>३</td><td>९०४</td><td>९४४</td><td>१५०</td><td>६०००</td></tr>
<tr><td>४</td><td>७०३</td><td>७३९</td><td>१५०</td><td>५४००</td></tr>
<tr><td>५</td><td>६९४</td><td>७३०</td><td>१५०</td><td>५४००</td></tr>
<tr><td>६</td><td>५००</td><td>५८४</td><td>२००</td><td>१६८००</td></tr>
<tr><td>७</td><td>४६३</td><td>५५०</td><td>२००</td><td>१७४००</td></tr>
<tr><td>८</td><td>५४६</td><td>६३२</td><td>२००</td><td>१७२००</td></tr>
<tr><td>९</td><td>४७८</td><td>४९०</td><td>२००</td><td>२४००</td></tr>
<tr><td>१०</td><td>३६७</td><td>३८६</td><td>२००</td><td>३८००</td></tr>
<tr><td>११</td><td>१७६</td><td>१७६</td><td>२५०</td><td>०</td></tr>
</table></td><td>९१,०५०</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>१२</td><td>२०५</td><td>२०५</td><td>२५०</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>९१०५०</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td>
<td></td>
<td></td>
<td>
छात्रा छात्रवृति र दलित (छात्रा) छात्रावृति<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कक्षा १ देखि ८ सम्मका छात्रालाइ र दलित छात्रा छात्रलाइ जनही रु ४००।०० का दरले छात्रबृति उपलव्ध गराउने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानी छात्राबृति वितरणगरेकोमा विचमै कक्षाछाड्ने विद्यार्थी घटाएर दिनु पर्नेमा पूरै विद्यार्थीलाइ निकासा दिएको पाइयो ।पालिकाले तयार गरेको नगर शिक्षा योजना २०७८।७९ देखि २०८७।८८ मा विचैमा विद्यालय छाड्ने बाल बालिकाको अनुपात उच्च रहेको देखिन्छ । कक्षा १ देखि ५ सम्म ५ प्रतिशत कक्षा ६ देखि ८ सम्म १५ प्रतिशत र कक्षा ९ र १० मा ४२ प्रतिशत देखाएको छ । यस सम्बन्धमा कक्षा ९ र १० को तथ्यांक फरक परेको कार्यालयको भनाइ रहेको छ । अत: कक्षा ९ र १० को पनि ५ प्रतिशतले हिसाब गर्दा हुन आउने विद्यार्थी संख्याका आधारमा निम्नानुसार बढि निकासा भएको देखिएकोले सो बढी निकासा भएको रकम असूल हुनु पर्ने रु<br><br>
<table>
<tr><th>कक्षा</th><th>दिनुपर्ने विद्यार्थी</th><th>दिएको विद्यार्थी संख्या</th><th>छात्राबृति दर</th><th>बढी रकम रु</th></tr>
<tr><td>१</td><td>९४८</td><td>९९८</td><td>४००</td><td>२००००</td></tr>
<tr><td>२</td><td>५३०</td><td>५५७</td><td>४००</td><td>१०८००</td></tr>
<tr><td>३</td><td>४७८</td><td>५०३</td><td>४००</td><td>१००००</td></tr>
<tr><td>४</td><td>३७३</td><td>३९२</td><td>४००</td><td>७६००</td></tr>
<tr><td>५</td><td>३४४</td><td>३६२</td><td>४००</td><td>७२००</td></tr>
<tr><td>६</td><td>२४२</td><td>२८४</td><td>४००</td><td>१६८००</td></tr>
<tr><td>७</td><td>२१५</td><td>२५२</td><td>४००</td><td>१४८००</td></tr>
</table>
</td>
<td>१०४,४००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८ | २४८ | २९१ | ४०० | १७२०० |
| | | | | १०४४०० |

२७

**दलित छात्रावृति**

३२,८००

कक्षा १ देखि कक्षा ८ सम्मका दलित छात्रा छात्रलाइ मासिक रु ४००।०० ले छात्रबृति उपलव्ध गराएको छ । छात्रा तर्फको कूल छात्रामा समावेश भै बाकी छात्रहरुको निम्नानुसार निकासा दिदा बढी निकासा भएको रकम असूल हुनु पर्ने रु

| कक्षा | दिनुपर्ने विद्यार्थी | दिएको विद्यार्थी संख्या | छात्राबृति दर | बढी रकम रु |
|---|---|---|---|---|
| १ | ३२६ | ३४३ | ४०० | ६८०० |
| २ | १९० | २०० | ४०० | ४००० |
| ३ | १७७ | १८६ | ४०० | ३६०० |
| ४ | ११३ | ११९ | ४०० | २४०० |
| ५ | १४५ | १५२ | ४०० | २८०० |
| ६ | ९२ | १०८ | ४०० | ६४०० |
| ७ | ७० | ८२ | ४०० | ४८०० |
| ८ | ८२ | ९६ | ४०० | ५६०० |
| | | | जम्मा | ३२८०० |

२८

**औषधि खरिद**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेव्यवस्था छ ।यस पालिकाले पटक पटक गरी रु ३६९९१०१।० को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>♦ खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,<br><br>♦ आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको<br><br>♦ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,<br><br>♦ औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>तसर्थ तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण गर्ने एवं निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधिमा लोगो सहित निशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ। | |
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| २९.१ | | | कामका लागी पारीश्रिमकमा आधारित सामूदायिक आयोजना (संचालनतथाव्यवस्थापन) कार्यविधि २०७७ अनुसार श्रमिकले रोजगारी गरेको दिनको गणना गरी स्थानीय तहवाट सो रकम सिधै श्रमिकको वैंक खातामा निकासा गर्नुपर्नेमा उपभोक्ता समिति बनाइ उपभोक्ता समितिका अध्यक्ष सचिवलाइ रकम भुक्तानी गरेको पाइयो । निजहरुले सो रकम सम्बन्धित श्रमिकलाइ बुझाएकोमा आस्वस्त गराउन कार्यालयबाट रकम बुझिलिनेहरुको बैक खाताको स्टेटमेण्ट पेश गरी आगामी वर्ष देखि श्रमिकको बैक खातामा सोझै रकम जम्मा गरिदिने तर्फ ध्यानाकर्षण हुनु पर्दछ । | |

| भौ नं मिति | रकम बुझिलिनेको नाम | भुक्तानि रकम रु |
|---|---|---|
| २०६।०७९।३।३१ | उपभोक्ता समिति अध्यक्ष नैन सिंह टमाटा | ४०३९०० |
| २१०।३।२ | कोषाध्यक्ष मान बहादुर थापा | १०२९२०४ |
| २१२।३।२० | उपभोक्ता समिति अध्यक्ष लाल बहादुर बुढा | २८८५०० |
| २१३।३।२० | उपभोक्ता समिति अध्यक्ष लक्ष्मी थापा | ५१९३०० |
| २१४।३।५ | उपभोक्ता समिति अध्यक्ष काशीराम वि क | १२५९०५० |
| २१५।३।५ | उपभोक्ता समिति अध्यक्ष खड्ब बहादुर पुन मगर | ११५४००० |
| २१८।३।५ | उपभोक्ता समिति अध्यक्ष गोपीराम साउद | ६९२४०० |
| २२२।३।५ | उपभोक्ता समिति अध्यक्ष विर्ख बहादुर बुढा | १६०५००९ |
| २२६।३।६ | उपभोक्ता समिति अध्यक्ष नवल सिंह बुढा | ७३५३२८ |
| २२७।३।६ | उपभोक्ता समिति अध्यक्ष विर्ख बुढा | ३६४५७१ |
| २३०।३।७ | उपभोक्ता समिति अध्यक्ष प्रदिप बहादुर बुढा | ५१९३०० |
| २३१।३।७ | उपभोक्ता समिति अध्यक्ष गजेन्द्र बहादुर बुढा | १९०४१० |
| २३२।३।७ | उपभोक्ता समिति अध्यक्ष नवराज जैशी | ७८९२८६ |

| | | |
|---|---|---|
| २३३।३।७ | उपभोक्ता समिति सचिव नृप बुढा | ६३४७०० |
| २३४।३।७ | उपभोक्ता समिति अध्यक्ष जंगे ढोली | १०१३८४७ |
| २३५।३।७ | उपभोक्ता समिति अध्यक्ष राम बहादुर बुढा | ६२४२४८ |
| २३६।३।७ | उपभोक्ता समिति अध्यक्ष दिपक प्रसाद रिमाल | ५०७२३७ |
| २४३।३।९ | उपभोक्ता समिति अध्यक्ष धन कुमारी ढुंगाना | १४८८८२२ |
| २४५।३।९ | उपभोक्ता समिति अध्यक्ष तेज बहादुर साउन | ४०३९०० |
| २४८।३।१० | उपभोक्ता समिति अध्यक्ष पद्मा विष्ट | ५१९३०० |
| २४९।३।१० | उपभोक्ता समिति अध्यक्ष शेर बहादुर थापा | ६१९३१७ |
| २५०।३।१० | उपभोक्ता समिति अध्यक्ष रंगादेवी बुढा | ५०१५५८ |
| २५७।३।१२ | उपभोक्ता समिति अध्यक्ष नन्दराम खड्का | १०५६५७६ |
| २५८।३।१२ | उपभोक्ता समिति अध्यक्ष बजिर सिंह थापा | १६१२७६ |
| २५९।३।१२ | उपभोक्ता समिति अध्यक्ष चन्द्र बहादुर थापा | ४९५७३६ |
| २६८।३।१४ | उपभोक्ता समिति सचिव दुर्गा प्रसाद उपाध्याय | ७७८३३७ |
| २६७।३।१४ | उपभोक्ता समिति अध्यक्ष निरज बहादुर | ७४०३६० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>नेपाली</td><td></td></tr>
<tr><td>२७०।३।१४</td><td>उपभोक्ता समिति सचिव विष्णु प्रसाद उपाध्याय</td><td>३८७१९१</td></tr>
<tr><td>२८६।३।१५</td><td>उपभोक्ता समिति अध्यक्ष दान बहादुर कामी</td><td>५७७०००</td></tr>
<tr><td>२८४।३।१५</td><td>उपभोक्ता समिति अध्यक्ष तपेन्द्र बुढा</td><td>५७७०००</td></tr>
<tr><td></td><td></td><td>२०६३६६६३</td></tr>
</table>
स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत ८ वडामा ३० योजना सञ्चालन गरी यस वर्ष ३८२ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु. श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षियत वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।
</td>
<td></td>
</tr>
<tr>
<td>२९.२</td>
<td></td>
<td></td>
<td>
श्रमिकलाइ ज्याला नबुझाएको : कामका लागी पारीश्रिमकमा आधारित सामूदायिक आयोजना (संचालनतथाव्यवस्थापन) कार्यविधि २०७७ अनुसार श्रमिकले रोजगारी गरेको दिनको गणना गरी स्थानीयतहवाट सो रकम सिधै श्रमिकको वैंकखातामा निकासा गर्नुपर्नेमा उपभोक्ता समिति बनाइ उपभोक्ता समितिका अध्यक्ष सचिवलाइ रकम भुक्तानी गरेको पाइयो । यसरी भुक्तानी गरिएको रकम डोर हाजिर फाराममा श्रमिकलाइ दस्तखत गराइ बुझाउने गरेकोमा निम्नानुसारका श्रमिकलाइ रकम बुझाएको नदेखिएकोले सम्बन्धित श्रमिकको खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल हुनु पर्ने रु
<table>
<tr><td>भौ नं मिति</td><td>विवरणा</td><td>बुझाउन बाकी रकम</td><td>कैफियत</td></tr>
<tr><td>२२६।३।६</td><td>नवल सिंह बूढाले रु७३५३२८ बुझेको मध्ये पौष</td><td>६११६२</td><td></td></tr>
</table>
</td>
<td>४,७९३,६३८</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| | देखि चैत्र को इसादेवी साउदलाइ नबुझाएकोर रु | | |
| २३१।३।६ | गजेन्द्र बहादुर बुढाले रु ६३४७०० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको रु | ६३४७०० | |
| २३३।३।७ | नृप बुढाले रु ६३४७०० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको | ६३४७०० | |
| २३५।३।७ | राम बहादुर बुढाले रु ६२४२४८।०० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको | ६२४२४८ | |
| २४८।३।१० | पदमा विष्टले रु ५१९३०० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको | ५१९३०० | |
| २६८।३।१४ | दुर्गा प्रसाद उपाध्यायले रु ७७८३३७ बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको रु | ७७८३३७ | |
| २७०।३।१४ | विष्णु प्रसाद उपाध्यायले रु ३८७१९१ बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको रु | ३८७१९१ | |
| २८६।३।१५ | दान बहादुर कामीले रु ५७७०००।० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको रु | ५७७०००।० | |
| २८४।३।१५ | तपेन्द्र बुढाले रु ५७७००० बुझेकोमा श्रमिकलाइ रकम नबुझाएको | ५७७००० | |
| | जम्मा | ४७९३६३८ | |

| | | | | |
|---|---|---|---|---|
| २९.३ | | | **विद्यालय घेरा पर्खाल** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयको घेरा पर्खाल लगाएको भनी रु | ८,२४९,०७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | ८२४९०७२।०० भुक्तानी भएको हुँदा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सो निर्माण कार्य भएको व्यहोरा र उक्त घेरा पर्खाल लगाउन अन्य निकायबाट बजेट नछुट्याएको व्यहोराको निर्णय माइन्युट पेश हुनु पर्न | |

| भौ नं मिति | विद्यालयको नाम | खर्च रकम रु |
|---|---|---|
| २०६।३।१ | सूर्योदय बालबिकास केन्द्र निर्माण | ४०३९०० |
| २१२।३।२० | सूर्य आ वि शौचालय निर्माण | २८८५०० |
| २१३।३।२० | सरस्वती आ वि घेरा पर्खाल निर्माण | ५१९३०० |
| २२६।३।६ | कालिका आ वि घेरा पर्खाल | ७३६३२८ |
| २२७।३।६ | कालिका देवी आ वि घेरा पर्खाल निर्माण | ३६४५७१ |
| २३१।३।७ | शिशुसुधार विद्यालयय घेरा पर्खाल निर्माण | ६३४७०० |
| २३४।३।७ | जालपा देवी आ वि घेरा पर्खाल निर्माण | १०१३८४७ |
| २४३।३।९ | विश्वज्योति आ वि घेरा पर्खाल निर्माण | १४८८८२२ |
| २५७।३।१२ | शिशुसुधार विद्यालयय घेरा पर्खाल निर्माण | १०५६५७६ |
| २६८।३।१४ | सरस्वति आ वि घेरा पर्खाल निर्माण | ७७८३३७ |
| २७०।३।१४ | वि पि स्मृति आ वि घेरा पर्खाल निर्माण | ३८७१९१ |
| २८६।३।१५ | पशुपतिनाथ जनकल्याण आ वि घेरा पर्खाल निर्माण | ५७७००० |
| | जम्मा | ८२४९०७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३० | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन दुई कोठे र चार कोठे कक्षा कोठा निर्माण गर्न पालिकाले निम्न ६ विद्यालयको खातामा रु.१,६२,००,०००।निकासा दिएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रमा चालु आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न गर्न व्यवहारिक कठिनाई देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सो को प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही बनाउने उल्लेख छ। कार्यालयले विद्यालयको खातामा निकासा दिएकोमा हालसम्म विद्यालय भवन निर्माण सम्पन्न भएको पाइएन। आर्थिक वर्षको अन्त्यमा २०७९।०३।१६ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको कारण उल्लेख गरी रकम रोक्का गर्न श्री सिटिजन्स बैंक इन्टरनेशनल लि. ढकारी शाखा अछामलाई पत्राचार गरेको छ। विद्यालय भवन निर्माण कार्य नहुँदै पूरै रकम निकासा दिनु नियमसम्मत नदेखिएकोले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ११ (छ) बमोजिम विद्यालय भवन निर्माण कार्यको निर्माण सम्पन्न प्रमाण पेश हुनुपर्दछ रु· | १२,६००,००० |

| विद्यालयको नाम | खाता नं. | रकम रु. |
|---|---|---|
| श्री सरस्वती आ. वि. ढकारी गा. पा. ७ | ०७९०१००००००४४२० | १८,००,००० |
| श्री गौरीशकंर आ. वि. ढकारी गा. पा. ३ | ०७९०१००००००७२२० | ३६,००,००० |
| श्री त्रिपुरा सुन्दरी मा. वि. ढकारी गा. पा. ८ | ०७९०१००००००४८२० | ३६,००,००० |
| श्री पन्चकन्या प्रा. वि. ढकारी गा. पा. ६ | ०७९०१००००००३८२० | १८,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>श्री सरस्वती आ. वि. ढकारी १</td><td>०७९०१००००००१८२०</td><td>१८,००,०००</td></tr></table><br>मिति **२०७९-१२-२०** मा **श्री शिशु सुधार आ वि ढकारी गा पा ८** को **3600000.00** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको | |
